आज मिति २०८२ साल साउन महिनाको २८ गते बुधबारको दिन यस जुगल गाउँपालिकाको कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री रेशम स्याङ्वोज्यूको अध्यक्षतामा देहाय बमोजिमको सदस्यहरुको उपस्थितिमा निम्न बमोजिमको निर्णय गरियो।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रेशम स्याङ्वो (गा.पा. अध्यक्ष) | अध्यक्ष | |
| २. | श्री हिमाल कुमार श्रेष्ठ (गा.पा. उपाध्यक्ष) | उपाध्यक्ष | |
| ३. | श्री जनक बहादुर तामाङ (१ नं वडा अध्यक्ष) | सदस्य | |
| ४. | श्री चन्द्रकाजी लामा (२ नं वडा अध्यक्ष) | सदस्य | |
| ५. | श्री लक्ष्मान लामा दोङ (३ नं वडा अध्यक्ष) | सदस्य | |
| ६. | श्री प्रेम तामाङ (४ नं वडा अध्यक्ष) | सदस्य | |
| ७. | श्री रविन्द्र घिमिरे (५ नं वडा अध्यक्ष) | सदस्य | |
| ८. | श्री टंक तामाङ (६ नं वडा अध्यक्ष) | सदस्य | |
| ९. | श्री रवि तामाङ (७ नं वडा अध्यक्ष) | सदस्य | |
| १०. | श्री सुनमाया सुनार | सदस्य | |
| ११. | श्री हेलामो तामाङ | सदस्य | |
| १२. | श्री सञ्जु नेपाली | सदस्य | |
| १३. | श्री दावा सिङ्वो शेर्पा | सदस्य | |
| १४. | श्री माया वि.क. | सदस्य | |
| १५. | श्री कविता माया श्रेष्ठ | सदस्य | कविता |
| १६. | श्री लोक बहादुर वि.क. | सदस्य सचिव | |

**लोक बहादुर वि.क.**
**प्रमुख प्रशासकीय अधिकृत**

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

प्रस्तावहरु:

१. कार्ययोजना स्वीकृत सम्बन्धमा।
२. आर्थिक सहायता मापदण्ड गठन सम्बन्धमा।
३. पर्यटन तथा साँस्कृतिक विकास शाखा सम्बन्धमा।
४. निजी/संघ संस्था समन्वय शाखा सम्बन्धमा।
५. 'घ' वर्ग लाइसेन्स नविकरण सम्बन्धमा।

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

निर्णयहरु:

निर्णय नं.१

प्रस्ताव नं.१ माथि छलफल गर्दा यस जुगल गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम, योजना र बजेटको सम्बन्धित शाखाहरुबाट तयार गरिएको कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं.२

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस जुगल गाउँपालिकाबाट प्रदान गरिने औषधी उपचार तथा अन्य सामाजिक सहायताको लागि आवश्यक तपसिल बमोजिमका कागजात पुरा भई निवेदन आएमा अध्यक्षको तोकादेशमा अति विपन्न व्यक्तिहरुलाई निम्न रोगहरुका विरामी र विपदजन्य घटनालाई बढीमा रु.२५,०००।- सम्म सहायता प्रदान गर्ने निर्णय गरियो।

क) स्वास्थ्य सँग सम्बन्धित

तपसिलका कागजहरु:

१. अति विपन्न हो भनि निवेदन (अध्यक्षलाई सम्बोधन गरिएको),
२. वडा कार्यालयको सिफारिस,
३. अस्पतालसँग सम्बन्धित कागजात, (भर्ना भएको, Discharge भएको हकमा सो सम्बन्धी कागजपत्र)
४. नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,
५. उपचार खर्च सक्कल विल भर्पाई,
६. स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भएको प्रमाण।

निम्न रोगहरुका विरामी:

१. मुटु सम्बन्धी रोग,
२. नसा सम्बन्धी रोग,
३. मानसिक विरामी,
४. हेड इन्जुरी,
५. पार्किन्सन,
६. अल्जाइमर,
७. लामो अवधि नियमित औषधि सेवन गर्नुपर्ने खालका रोगहरु,
८. कम्तीमा १५ दिन भन्दा बढी अस्पतालमा भर्ना भएका विरामी।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

ख) विपदसँग सम्बन्धित

<u>विपदजन्य घटनाहरु:</u>

१. बाढी,

२. पहिरो,

३. चट्टायाङ,

४. पशु चौपाया मरेको,

५. विद्युत सट-सर्किट,

६. आगलागी।

<u>प्रक्रिया:</u>

१. निवेदन (अध्यक्षलाई सम्बोधन गरिएको),

२. स्थलगत प्रहरी मुचुल्का,

३. वडा सिफारिस/वडा विपद निर्णय,

४. घटना स्थल कलर फोटो,

५. नागरिकता फोटोकपी,

६. बैंक चेकको फोटो।

निर्णय नं.३

प्रस्ताव नं.३ माथि छलफल गर्दा यस जुगल गाउँपालिकामा पर्यटन तथा साँस्कृतिक विकास शाखा आवश्यकता भएकोले आगामी गाउँसभामा सांगठिक संरचना तथा दरबन्दी तेरिज संशोधन गर्ने गरी हाललाई निम्नानुसार कार्य गर्ने गरी गाउँपालिकामा पर्यटन तथा साँस्कृतिक विकास शाखा गठन गर्ने निर्णय गरियो।

<u>कार्य विवरण</u>

१. पर्यटन विकास र प्रवर्द्धन सम्बन्धि नीति तथा कार्यक्रम, योजना र बजेटको प्रस्ताव तयार पार्ने।

२. पर्यटन विकास र प्रवर्द्धन सम्बन्धि सम्पूर्ण कार्यहरु गर्ने।

३. पर्यटन व्यवसाय तथा Home Stay सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक सहजीकरण गर्ने।

४. कृषि, खेलकुद, शिक्षा, स्वास्थ्य, हिमालय, धार्मिक साँस्कृतिक साहसिक पर्यटन लगायत अन्य क्षेत्रहरको पहिचान गर्ने, प्रचार-प्रसार गर्ने।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

५. पर्यटन सम्बन्धि सेमिनार, गोष्ठी, सम्मेलन, कार्यक्रमहरु सञ्चालन गर्ने।
६. पर्यटन विकास समितिको बैठकको निर्णय/माइन्यूट सुरक्षित राख्ने र त्यसको कार्यान्वयन गर्ने गराउने।
७. पर्यटन विकास र प्रवर्द्धनको लागि आवश्यक समन्वय र सहाकार्यको लागि पत्राचार गर्ने र त्यसको अभिलेख राख्ने।
८. धार्मिक तथा साँस्कृतिक सम्पदाको दर्ता, नविकरण, खारेजी अभिलेख राख्ने।
९. मासिक/वार्षिक प्रतिवेदन कार्यपालिकामा पेश गर्ने।
१०. तोके बमोजिम अन्य कार्य गर्ने।

**निर्णय नं.४**

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस जुगल गाउँपालिकामा निजी/संघ संस्था समन्वय शाखा आवश्यकता भएकोले आगामी गाउँसभामा संगठिक संरचना तथा दरबन्दी तेरिज संशोधन गर्ने गरी हाललाई निम्नानुसार कार्य गर्ने गरी निजी/संघ संस्था समन्वय शाखा गठन गर्ने निर्णय गरियो।

<u>कार्य विवरण</u>

१. निजी/संघ संस्थासंग आवश्यक समन्वय तथा सहाकार्य गरी कार्य गर्ने व्यवस्था मिलाउने।
२. गाउँपालिकामा कार्यरत निजी/संघ संस्थाहरुको आवश्यक कागजात सहित सूचिकृत पार्ने वा अभिलेख राख्ने।
३. निजी/संघ संस्थाहरुसंग साझेदारीमा कार्य गर्ने परियोजनाहरुको पूर्व स्वीकृति पत्र र MOU तयार पार्ने।
४. निजी/संघ संस्थाहरुको योजना र बजेट गाउँपालिकाको वार्षिक योजनामा समावेश गर्न अनुरोध पत्र लेख्ने।
५. निजी/संघ संस्थाहरुको कार्यहरु अनुगमन तथा मूल्यांकन गर्ने व्यवस्था मिलाउने।
६. निजी/संघ संस्थाहरुको मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिक प्रगति समिक्षा गर्न लगाई त्यसको प्रतिवेदन कार्यपालिकामा पेश गर्ने।
७. तोके बमोजिम अन्य कार्य गर्ने।

**निर्णय नं.५**

प्रस्ताव नं.५ माथि छलफल गर्दा यस जुगल गाउँपालिकामा दर्ता भई गत आ.व.मा विविध कारणबस नविकरण छुट भएको श्री के. एण्ड एल प्रा.लि. (दर्ता नं १६२/०६९/०७०) को 'घ' वर्ग ठेक्का इजाजत पत्रलाई कम्पनी रजिष्ट्ररको कार्यालयबाट नविकरण भएको र कर चुक्ता कागजात संलग्न गरी आ.ब.२०८१/०८२ को आर्थिक ऐन,२०८१ को दफा ४ को अनुसूचि ३ बमोजिम जरिवाना र विलम्ब शुल्क लिई नविकरण गरिदिने निर्णय गरियो।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत